## लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

स्विकृत मितिः २०८३/०२/२५ (माननीय मन्त्रीस्तर)

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभूत गरेको प्रत्येक नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न विपन्न, असहाय र बेवारिसे नागरिकका लागि अस्पतालहरूले छुट्ट्याउनुपर्ने कुल शैय्याको दश प्रतिशत निःशुल्क उपचार सेवालाई थप पारदर्शी, व्यवस्थित र पहुँचयोग्य बनाउन र सो सेवाको एकीकृत सञ्चालन तथा व्यवस्थापनका लागि लक्षित वर्ग निःशुल्क उपचार पोर्टल सञ्चालन गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले ऐनको दफा २ को खण्ड (थ) बमोजिमका सरकारी, गैरसरकारी, निजी, सहकारी वा गैर नाफामुलक सामुदायिक अस्पताललाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनुपर्छ।

(ग) "पोर्टल" भन्नाले मन्त्रालयले अस्पतालका शैय्या र उपचार सेवाको विवरण अद्यावधिक गर्न सञ्चालनमा ल्याएको 'Free Health Portal' लाई सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्झनुपर्छ।

(ङ) "लक्षित वर्ग" भन्नाले आर्थिक रूपले विपन्न, असहाय, बेवारिसे भनि स्थानीय तहले सिफारिस गरेका बिरामीलाई सम्झनुपर्छ।

३. <u>दश प्रतिशत शैय्या निःशुल्क उपचारको लागि छुट्याउनुपर्ने:</u> (१) प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका अस्पतालले आफ्नो कुल स्वीकृत शैय्याको कम्तीमा दश प्रतिशत शैय्या लक्षित वर्गको निःशुल्क उपचारका लागि अनिवार्य रूपमा छुट्याउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको निशुल्क शैय्यामा भर्ना हुने बिरामीलाई सःशुल्क (Paying) शैय्यामा उपचार गराइरहेका बिरामी सरह नै बिना कुनै भेदभाव अस्पतालमा उपलब्ध सम्पूर्ण स्वास्थ्य सेवाहरू पूर्ण रूपमा निःशुल्क प्रदान गर्नुपर्नेछ र शैय्या, चिकित्सक परामर्श, शल्यक्रिया, परीक्षण र उपचारमा आवश्यक पर्ने औषधिलगायतका कुनैपनि सेवामा शुल्क लिन पाइने छैन।

(३) अस्पतालले आवश्यकता अनुसार बहिरंग सेवा (OPD Service) मा समेत कम्तीमा १०% विरामीलाई निःशुल्क सेवा प्रदान गर्न सक्नेछन्।

४. <u>लक्षित वर्गको पहिचान तथा सिफारिस:</u> (१) निःशुल्क उपचार प्राप्त गर्न बिरामीले देहाय बमोजिमका कुनै एक प्रमाण पेश गर्नुपर्नेछः-

(क) नेपाल सरकारले वितरण गरेको विपन्न परिचयपत्र,

(ख) सम्बन्धित स्थानीय तहको विपन्न वा असहाय भएको सिफारिस,

(ग) बेवारिसे बिरामीको हकमा नेपाल प्रहरी, स्थानीय प्रशासनबाट भएको मुचुल्का वा सिफारिस,

(घ) आकस्मिक वा तत्कालै कागजात उपलब्ध हुन नसक्ने अवस्थामा अनुसूची बमोजिमको विपन्न वर्ग स्वघोषणा फारम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि तत्काल प्रमाण पेश गर्न सम्भव नभएको अवस्थामा अस्पतालबाट डिस्चार्च हुँदाका बखतसम्म प्रमाण कागजात अस्पतालमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम स्वघोषणा मार्फत उपचार गराएका बिरामीहरुले खण्ड (क), (ख) र (ग) बमोजिमको प्रमाण पेश गर्न समेत नसकेको अवस्थामा सम्बन्धित अस्पताल रहेको स्थानीय प्रशासन एवं प्रहरी कार्यालयबाट भएको सिफारिस एवं मुचुल्काका आधारमा डिस्चार्ज गर्न सकिनेछ।

(४) यस कार्यविधि बमोजिम निःशुल्क उपचार गरिने व्यक्ति नेपाली नागरिक रहेको हुनुपर्नेछ।

५. **पोर्टलमा अनिवार्य आबद्ध हुनुपर्ने:** यस कार्यविधि लागु भएपश्चात सबै अस्पतालहरू मन्त्रालयद्वारा सञ्चालित केन्द्रीय पोर्टलमा अनिवार्य रूपमा आबद्ध हुनुपर्नेछ।

६. **दैनिक विवरण अद्यावधिक गर्नुपर्ने:** प्रत्येक अस्पतालले ऐनको दफा ५९ बमोजिम सेवाग्राहीको अभिलेख सुरक्षित राख्ने प्रयोजनका लागि आफ्नो संस्थामा रहेका कुल शैय्या, लक्षित वर्गका लागि छुट्याइएका निःशुल्क शैय्या र त्यसमा भर्ना भएका बिरामीको विवरण पोर्टलमा दैनिक रूपमा (Real Time) अद्यावधिक गर्नुपर्नेछ ।

७. **अस्पताल स्तरीय निःशुल्क उपचार व्यवस्थापन समितिः** (१) प्रत्येक अस्पतालमा निःशुल्क उपचार सेवा र पोर्टलमा सूचना प्रविष्टि गर्न अस्पताल प्रमुख वा मेडिकल डाइरेक्टरको अध्यक्षतामा एक निःशुल्क उपचार व्यवस्थापन समिति गठन गर्नु पर्नेछ। समितिका अन्य प्रतिनिधि एवं समितिको कार्य सञ्चालन विधि अस्पताल आफैले तोक्न सक्नेछ।

(२) यस समितिले लक्षित वर्गको पहिचान, सेवाको गुणस्तर, बिरामीको गोपनियता र पोर्टलको नियमित रिपोर्टिङको सुनिश्चितता गर्नुपर्नेछ।

(३) पोर्टलमा सेवा प्रविष्टि गर्ने मुख्य जिम्मेवार व्यक्ति (Focal Person) समितिले तोक्नुपर्नेछ। समितिले तोकेको जिम्मेवार व्यक्तिको नाम र फोन नम्बर पोर्टलमा उल्लेख एवं अपडेट गर्नुका साथै अस्पतालको सहयोग कक्षमा सार्वजनिक रूपमा प्रकाशनको व्यवस्था मिलाउनुपर्नेछ।

८. **पोर्टलको प्राविधिक तथा सञ्चालन कार्यविधि:** पोर्टलको प्राबिधिक तथा संचालन कार्यविधि देहायबमोजिम हुनेछ।

(क) फोकल पर्सन वा सहयोग कक्ष (Help Desk): प्रत्येक अस्पतालले लक्षित वर्गका बिरामीलाई सहजै सेवा प्राप्त गर्न र पोर्टल सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गर्न अस्पतालको मुख्य प्रवेशद्वार नजिकै एक निश्चित निःशुल्क स्वास्थ्य सेवा सहयोग कक्ष स्थापना गरी पोर्टल हेर्ने जिम्मेवारी सहितको कर्मचारी तोक्नुपर्नेछ।

(ख) प्रस्थान प्रमाणीकरण (Discharge Verification & Digital Clearance): बिरामी डिस्चार्ज हुँदाका बखत अस्पतालले उपचार वा औषधिको नाममा कुनै पनि अतिरिक्त शुल्क नलिएको सुनिश्चित गर्न प्रणालीमा डिजिटल स्वघोषणा वा दाबी फछ्र्यौट (Digital Clearance) अनिवार्य रूपमा पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ।

(ग) प्राविधिक अवरोध सम्बन्धी प्रोटोकल (Downtime Protocol): इन्टरनेट वा प्रणालीमा आएको प्राविधिक समस्याका कारण पोर्टल डाउन वा अवरुद्ध भएको अवस्थामा अस्पतालले २४ घण्टासम्म म्यानुअल वा अफलाइन मोडमा डाटा सुरक्षित राख्नुपर्नेछ र प्रणाली सुचारु हुनासाथ उक्त विवरण अनिवार्य रूपमा पोर्टलमा प्रविष्टि गरी मिलान गर्नुपर्नेछ।

(घ) अस्पतालहरूले आफ्नो मुख्य प्रवेशद्वार र प्रस्थान बिन्दुमा दैनिक रूपमा निःशुल्क शैय्याको उपलब्धता र सेवाको विवरण देखिने गरी डिजिटल वा भौतिक सूचना बोर्ड राख्नुपर्नेछ। सो बोर्डमा उजुरी दर्ताका लागि पोर्टलको QR Code र वेब ठेगाना (https://freehealth.mohp.gov.np/) समेत अनिवार्य रूपमा प्रदर्शन गर्नुपर्नेछ।

९. <u>अनुगमन, नियमन तथा मूल्याङ्कनः</u> (१) अस्पतालले तोकिएको मापदण्ड अनुरूप दश प्रतिशत निःशुल्क शैय्या र पोर्टलको प्रयोग गरे/नगरेको सम्बन्धमा मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले ऐनको २१ को उपदफा (८) र दफा २७ बमोजिम नियमित नियमन, निरीक्षण र अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन, निरीक्षण गर्दा अस्पतालले यस कार्यविधि बमोजिम लक्षित वर्गलाई तोकिएको निःशुल्क शैय्या वा उपचार सेवा उपलब्ध हुँदाहुँदै सेवा प्रदान गर्न इन्कार गरेमा ऐनको व्यवस्था बमोजिम सम्बन्धित निकायले कारवाही गर्नुपर्नेछ।

(स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि सम्बन्धित निकाय भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि इजाजतपत्र प्रदान गर्ने एवं नविकरण गर्ने अख्तियार रहेको निकायलाई जनाउछ।)

(३) पोर्टलमा जानीजानी गलत वा झुट्टा सूचना उपलब्ध गराएमा वा विवरण अद्यावधिक नगरेमा प्रचलित कानुन बमोजिम अस्पतालको सञ्चालन अनुमति एवं नवीकरण रोक्का वा खारेजीसम्मको कारवाही हुनेछ।

१०. <u>प्रतिवेदन पेस गर्नेः</u> प्रत्येक अस्पतालले ऐनको दफा ६० बमोजिम आफूले प्रदान गरेको निःशुल्क उपचार सेवा र पोर्टलको उपयोग सम्बन्धी वार्षिक प्रतिवेदन इजाजतपत्र प्रदान गर्ने निकाय र मन्त्रालयसमक्ष पेस गर्नुपर्नेछ।

११. <u>गोपनीयता कायम गर्नुपर्नेः</u> पोर्टलमा प्रविष्ट गरिएका बिरामीका परिचयपत्र, स्वास्थ्य स्थिति र व्यक्तिगत विवरणहरू व्यक्तिगत गोपनीयता सम्बन्धी प्रचलित कानुन बमोजिम सुरक्षित राखिनेछ

र स्वीकृत सरकारी अनुगमन एवं स्वास्थ्य प्रयोजनबाहेक अन्यत्र प्रयोग वा सार्वजनिक गर्न पाइने छैन।

१२. <u>उजुरी तथा गुनासो संयन्त्रः</u> अस्पतालले यस कार्यविधि बमोजिम लक्षित वर्गलाई निःशुल्क सेवा प्रदान गर्न अस्वीकार गरेमा वा गुणस्तरहीन सेवा दिएमा पीडित बिरामी वा निजको परिवारले मन्त्रालयद्वारा सञ्चालित पोर्टल मार्फत अनलाइन उजुरी दर्ता गर्न सक्नेछ। उजुरीहरूको सुनुवाइ र निराकरण मन्त्रालय/इजाजत पत्र जारी तथा नविकरण गर्ने निकायले गर्नुपर्नेछ।

१३. <u>बाधा अड्काउ फुकाउनेः</u> कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा ऐन को मर्म प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची

(दफा ४ को उपदफा १ को खण्ड (घ) सँग सम्बन्धित)

### विपन्न वर्ग स्वघोषणा फारम

(पोर्टलमा डिजिटल रूपमा उपलब्ध गराइनेछ।)

बिरामीको नाम/थरः ...........................................................................

जिल्लाः ......................................

स्थानीय तहः ...................................... वडा नं.: ...........

सम्पर्क नं.: ......................................

नागरिकता/परिचयपत्र नं.: ......................................

म आर्थिक रूपमा अति विपन्न/असहाय भएको र हाल उपचार खर्च बेहोर्न असमर्थ भएकोले यो स्वघोषणा गर्दछु। यस फारममा लेखिएका विवरण झुटो ठहरिएमा प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु।

बिरामी वा संरक्षकको दस्तखतः .................................

मितिः ..........................